नेपाल सरकार
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
जल श्रोत तथा सिंचाई विभाग
जनताको तटबन्ध कार्यक्रम
फिल्ड कार्यालय नं.-७
महेन्द्रनगर, कञ्चनपुर

Pep7dwidp@gmail.com
फोन नं.र फ्याक्स न. : ०९९-५२०५५९

पत्र संख्या :- ०७५।०७६
चलानी नम्बर :- २८३

मिति: २०७५।०९।०५

विषय: सूचना टाँस गरी दिने बारे ।

श्री धनगढी उप-महानगरपालिकाको कार्यालय, धनगढी कैलाली ।
श्री धनगढी उप-महानगरपालिका वार्ड नं.-१३ वडा कार्यालय, कैलाली ।
श्री धनगढी उप-महानगरपालिका वार्ड नं.-१२ वडा कार्यालय, कैलाली ।
श्री धनगढी उप-महानगरपालिका वार्ड नं.-३ वडा कार्यालय, कैलाली ।
श्री धनगढी उप-महानगरपालिका वार्ड नं.-१७ वडा कार्यालय, कैलाली ।
श्री धनगढी उप-महानगरपालिका वार्ड नं.-१५ वडा कार्यालय, कैलाली ।
श्री गोदावरी नगरपालिकाको कार्यालय, कैलाली ।
श्री गोदावरी नगरपालिका वार्ड नं.-९ वडा कार्यालय, कैलाली ।
श्री कृष्णपुर नगरपालिकाको कार्यालय, कंचनपुर ।
श्री कृष्णपुर नगरपालिका वार्ड नं.-७ वडा कार्यालय, कंचनपुर ।
श्री कृष्णपुर नगरपालिका वार्ड नं.-८ वडा कार्यालय, कंचनपुर ।
श्री कृष्णपुर नगरपालिका वार्ड नं.-९ वडा कार्यालय, कंचनपुर ।

उपरोक्त सम्बन्धमा जलश्रोत तथा सिंचाइ विभागको जल साधन योजना तयारी सुविधा आयोजना अन्तर्गत मोहना तथा खुटीया नदीको तटीय क्षेत्रमा बाढी जोखिम व्यवस्थापन उप आयोजना संचालन गर्न प्रारम्भिक बातावरणिय परीक्षण (IEE) गर्नुपर्ने भएकोले सो सम्बन्धि सूचना तथा बातावरणिय प्रभाव तथा न्यूनिकरण सम्बन्धि संक्षिप्त जानकारी संलग्न गरी पठाइएको छ । उक्त सूचना टाँस गरी तथा उपलब्ध सुझावहरु संकलन गरी यस कार्यालयमा पठाई दिई योजना संचालनमा सहयोग गरी दिन हुन अनुरोध छ ।

०७५।९।५

प्रचण्ड देव विष्ट
कार्यालय प्रमुख

प्रचण्ड देव विष्ट
कार्यालय प्रमुख

धनगढी उप-महानगरपालिका
दर्ता नं ५९०६
मिति
दस्तखत

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
जलसाधन योजना तयारी सुविधा आयोजना

# वातावरण सम्बन्धि जानकारी पुस्तिका

## मोहना खुटिया नदीको तटीय क्षेत्रमा बाढी नियन्त्रण उपआयोजना

### परिचय :

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले एशियाली विकास बैंकको आर्थीक सहयोगमा "जलसाधन योजना तयारी सुविधा आयोजना" अन्तर्गत तराईका ६ वटा नदीको तटीय क्षेत्रमा बाढी नियन्त्रण व्यवस्थापन उप आयोजनाको लागि विस्तृत संम्भाव्यता अध्ययन प्रतिवेदन तयार हुने क्रममा छ। यी मध्ये मोहना खुटिया नदीको तटीय क्षेत्रमा बाढी जोखिम व्यवस्थापन उपआयोजना रहेको र वातावरण संरक्षण ऐन/नियमावली अनुसार यस उप-आयोजनाको कार्यन्वयन हुनुअघि वातावरणीय अध्ययन प्रतिवेन तयार पारी मस्यौदा स्वीकृत गर्नु पर्ने कानुनी व्यवस्था अनुरुप प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरिएको छ।

यस आयोजनाको प्रस्तावित कार्यहरु र तीनको कार्यान्वयनको क्रममा वातावरणमा पर्न सक्ने नकारात्मक वा सकारात्मक प्रभावहरुको निचोड यहाँ प्रस्तुत गरिएको छ।

### आयोजनाको प्रस्तावित कार्यहरु :

यस उप आयोजनाले प्रस्ताव गरेका बाढी नियन्त्रण कार्यहरुको लागि निर्धारीत स्थानहरु र अनुमानित लम्बाई यसै साथ संलग्न तालिका र नक्सामा देखाइएको छ। तोकिएको स्थानहरुमा निर्माण हुने उक्त बाँधको कुल लम्बाई १३,६६० मी. रहनेछ तथा आवश्यक स्परहरु निर्माण गरिनेछ।

### वातावरणमा प्रतिकुल प्रभाव पर्ने मुख्य कारकहरु :

निर्माण चरणमा आवश्यक पर्ने निर्माण सामाग्रीहरु को व्यवस्थापन तथा अन्य निर्माण सामाग्री को ओसार पसार गर्दा हुने सवारी साधनको आवतजावतले वातावरण मा प्रभाव पर्न सक्छ। निर्माण सामाग्री लाई उचित व्यवस्थापन सहित सम्हालेर राख्नु पर्ने हुन्छ। स्थानीय नदी, तट क्षेत्र अन्तर्गत रुखहरु तथा अन्य पर्यावराणीय महत्वका पक्षहरुलाई असर पर्न सक्दछ। संगसंगै बाँध निर्माण कार्यको लागि आवश्यक पर्ने जग्गा व्यावस्थापन कार्यबाट पनि वातावरणमा पर्नसक्ने प्रतिकुल असरको कारक हुन सक्दछ। यसरी तट्बन्ध निर्माण गर्दै गर्दा पानी र पानीको स्रोतमा केही प्रभाव पर्न सक्छ। रसायनिक तथा जैविक प्रभाव पर्न सक्ने कुरालाई मध्यनजर गर्दै वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई निराकरण गर्न वातावरण व्यवस्थापन योजना समेत तयार गरिएको छ।

### वातावरणमा पर्न सक्ने प्रमुख प्रभावहरु:

#### पूर्व निर्माण चरण :

- विभिन्न बाँध निर्माण गर्नको लागि करिब २२ हेक्टर कृषि योग्य तथा बगरको जमीन आवश्यक पर्छ। यस कार्यक्रमबाट २२ घर परिवार प्रभावित हुने छन्।

#### निर्माण चरण :

- निर्माण चरणमा निर्माण कार्य तथा निर्माण सामाग्रीको ओसार पसारको कारण गाडी, ट्रकको ओहोर दोहोरले धुलो,धुवाँ,तथा ध्वनी प्रदुषण बढाउने गर्दछ। निर्माण कार्य गर्दा जनशक्ति द्वारा सिर्जीत फोहोरले खोला नदी



प्रचण्ड देव बिष्ट

तथा अन्य वातावरणलाई प्रदुषित तुल्याउन सक्छ । निर्माण कार्यले नदीमा रहेका माछालाई प्रभाव पार्न सक्दछ । साथै निर्माण चरणमा कामदारहरुको स्वास्थ्य र सुरक्षालाई ख्याल राखी आवश्यक सुरक्षा सामाग्रीहरुको उचित प्रयोग गर्नु पर्ने हुन्छ ।

- ➢ त्यस क्षेत्रको बाटो तथा नदीको तट सम्मको पहुँचमार्ग बिगार्न सक्छ ।

संचालन चरण :

- ➢ प्राकृतिक पानी निकास रोकिन सक्छ ।

## आयोजनाका सकरात्मक प्रभावहरु :

- ➢ निर्माण चरणमा स्थानीयलाई रोजगारिको अवसर
- ➢ यसको कार्यान्वयन प्रश्चात प्रभावित क्षेत्रमा जनधन, खानेपानी तथा खेतियोग्य जमिनको बाढी, कटान, डुवानबाट हुने क्षतिबाट बचावट/संरक्षण ।

## निराकरणका उपायहरु

- ➢ जग्गा अधिग्रहण तथा पूनर्वास योजना अनुरुप स्वेच्छीक सहभागीता ।
- ➢ वायु प्रदुषण नियन्त्रणको लागी दैनिक रुपमा पानी छर्किने तथा आयोजना क्षेत्रको वरीपरी गाडीको गति सिमीत गरी थप वायु प्रदुषण गर्ने कार्यलाई नियन्त्रण गरिनेछ ।
- ➢ फोहोर व्यवस्थापनको लागी मोबाईल शौचालय निर्माण गरी संचालन गरिनेछ ।
- ➢ अवैध कार्यलाई निरुत्साहीत गर्नको लागी कामदारहरुलाई कानुन तथा नियम संग सम्वन्धीत चेतना अभिवृद्धि गरिनेछ ।
- ➢ कामदारहरुको स्वास्थ्य तथा जीवन सुरक्षाको लागि व्यक्तिगत सुरक्षा सामाग्रीहरु प्रयोग तथा चेतना अभिवृद्धि गरिनेछ ।
- ➢ डिस्चार्ज स्लुइस, भल्भ र गेट निर्माण गरी प्राकृतिक पानी निकासको मार्गलाई व्यवस्थित गरीनेछ ।
- ➢ प्रयोग गरिएका बाटाहरुको मर्मत संभार ।

नेपाल सरकार
ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
जलश्रोत तथा सिंचाई विभाग
जनताको तटबन्ध कार्यक्रम, सिंचाई कार्यालय नं.७
महेन्द्रनगर

प्रचण्ड देव बिष्ट
कार्यालय प्रमुख

नेपाल सरकार
उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय
जलश्रोत तथा सिंचाइ विभाग

# जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय नं.७, कंचनपुर

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धि प्रकाशित सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७५।०९।०५)

जलश्रोत तथा सिंचाइ विभागको जलसाधन योजना तयारी सुविधा आयोजना अन्तर्गत मोहना र खुटीया नदीको तटीय क्षेत्रमा बाढी जोखिम व्यवस्थापन उप-योजना संचालन गर्नको लागी वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ (पछिल्लो संशोधन सहित) को नियम ३ र सोही नियमावलीको अनुसूचि १ को प्रयोजनका लागि प्रारम्भिक वातावरणिय परीक्षण अध्ययन गर्नुपर्ने भएकोले उक्त प्रस्ताव कार्यान्वयन हुने देहायका क्षेत्रहरुमा प्रस्तावित कार्यबाट पर्नसक्ने भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक बातावरण र यिनका अवयवहरु तथा अन्तरसम्बन्धमा पर्ने प्रभावहरुको सन्दर्भमा यस क्षेत्रका सम्बन्धित गा.पा., न.पा., विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव एवं प्रतिक्रिया पठाइ सहयोग गरी दिन हुन सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| नदी | अध्ययन गरिने क्षेत्र | प्रभावित क्षेत्र |
|---|---|---|
| मोहना नदी | मोहना नदी दाँया र बाँया किनारा | राजघाट, सानागांउ, मझगांउ, शान्तीपुर, चटकपुर, खुटिया दोभान, वडहरा |
| खुटीया नदी | खुटीया नदी दाँया र बाँया किनारा | अर्जुन टोल, मुरकट्टी, धनचौरी, उत्तरखैरेनी, तरबरीया टोल |

**राय सुझाव तथा प्रतिक्रिया पठाउन सकिने ठेगाना:**

जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय नं.७, कंचनपुर
सम्पर्क नं. : ९७७-०९९-५२०५५९
फ्याक्स नं. : ९७७-०९९-५२०५५९
इमेल : pep7dwidp@gmail.com

प्रचण्ड देव बिष्ट
कार्यालय प्रमुख

# प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धि सार्वजनिक सूचना टाँस गरीएको मुचुल्का

जलश्रोत तथा सिंचाइ विभागको जलसाधन योजना तयारी सुविधा आयोजना अन्तर्गत मोहना र खुटीया नदीको तटीय क्षेत्रमा बाढी जोखिम व्यवस्थापन उप-योजना संचालन गर्नको लागी वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ (पछिल्लो संशोधन सहित) को नियम ३ र सोही नियमावलीको अनुसूचि १ को प्रयोजनका लागि प्रारम्भिक वातावरणिय परीक्षण अध्ययन गर्नुपर्ने भएकोले उक्त प्रस्ताव कार्यान्वयन हुने देहायका क्षेत्रहरुमा प्रस्तावित कार्यबाट पर्नसक्ने भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक बातावरण र यिनका अवयवहरु तथा अन्तरसम्बन्धमा पर्ने प्रभावहरुको सन्दर्भमा यो सूचना टाँस गरिएको व्यहोरा साँचो हो भनि यो मुचुल्का गरी दियौ ।

| नदी | अध्ययन गरिने क्षेत्र | प्रभावित क्षेत्र |
|---|---|---|
| मोहना नदी | मोहना नदी दाँया र बाँया किनारा | राजघाट, सानागांउ, मझगांउ, शान्तीपुर, चटकपुर, खुटिया दोभान, वडहरा |
| खुटीया नदी | खुटीया नदी दाँया र बाँया किनारा | अर्जुन टोल, मुरकट्टी, धनचौरी, उत्तरखैरेनी, तरबरीया टोल |

| नाम,थर | ठेगाना | दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |